# साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना

## खाँडादेवी गाउँपालिका,रामेछाप

## प्रथम पटक प्रकाशित मिति २०७७/११/११

आ.व २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु **"लागत साझेदारीमा पशुपन्छी कार्यक्रम कार्यसञ्चालन प्रक्रिया-२०७७"** बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था, कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (उक्त दिनमा सार्वजनिक विदा परेको भए सो को भोलिपल्ट) सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्न हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स | कार्यक्रम | पकेट संख्या | प्रति पकेट समूह | प्रति परिवार न्युनतम पशु संख्या | पालिकाबाट व्यहोर्ने खर्च |
|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम | ५ | १० | प्रति कृषक ५ माउ बाख्रा | ९,९०,००० |

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजना ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस खाँडादेवी गाउँपालिकाको वेबसाईट www.khandevimun.gov.np बाट डाउन लोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीका लागि फोन नं ९८६४०१५९७९ मा सम्पर्क सर्नुहुन अनुरोध छ।

**आवश्यक कागजातहरु:**

१) अनुसूची २ अनुसार संक्षिप्त कार्ययोजना
२) अनुसूची ३ अनुसार निवेदन पत्र
३) कृषक समुह/समित/सहकारी सम्बन्धित निकायको दर्ता भएको समुह/फार्म दर्ताको प्रमाणपत्र (खाँडादेवी गाउँपालिकामा अनिवार्य दर्ता भएको हुनुपर्ने)
४) सम्बन्धित वडाको सिफारिस पत्र
५) कार्यक्रममा सहभागी भएका कृषकको नागरिकताको प्रतिलिपि
६) प्यान वा भ्याट दर्ता भए प्रमाणपत्रको प्रतिलिपि

७७/११/११

............................

विकास सुन्दास

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

संक्षिप्त कार्ययोजनाको ढाँचा

१. व्यवसायको परिचयः

२. कार्यक्रम शुरु हुने मितिः

३. कार्यक्रम सम्पन्न हुने मितिः

४. लक्षित वर्ग र सम्भावित रोजगारीको विवरणः

५. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरणः

| क.स | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ३

**लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र**

मिति:२०७७/११/११

श्रीमान प्रमुखज्यु
खाँडादेवी गाउँपालिका।

विषयः लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम उपलब्ध गराईदिने बारे।

महोदय,

यस पालिकाको मिति २०७७/११/११ गतेको प्रकाशित सूचना अनुसार यस समुह/समिति/सहकारी/संस्थाले बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौ। यस कार्यक्रममा साझेदारीको लागि प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिबद्धता व्यक्त गर्दछौ।

संलग्न कागजातहरुः

१. समुह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन संचालन गर्ने उद्देश्य खुल्ने कागजातहरु प्रतिलिपिहरु
२. समुह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णय प्रतिलिपि
३. समुह/समिति/सहकारी संस्थाको सदस्यहरुको नामावली
४. वडा सिफारिस